लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

सूचना नं.- ०२/०८२-८३

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/१४ गते)

कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ मा भएको व्यवस्था बमोजिम तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक बाँके जिल्ला भित्रका कार्यक्रम अनुसारका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८२/०८/१३ गते कार्यालय समयभित्र। तपशिलका आवश्यक कागजातहरु सहित खामवन्दी प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको अनुसूचि र कार्यविधि सम्वन्धी विवरण कार्यालयको e:- https://akcbanke.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ। साथै उल्लेखित कार्यक्रममा विनियोजित बजेट संसोधन वा कट्टा भएमा सोहि अनुसार हुने वेहोरा समेत अनुरोध छ।

| क्र स | कार्यक्रम को नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | अनुदान सिमा रकम/प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सिंचाई सहित कृषि विकास कार्यक्रम | सोलार सिचाई,थोपा सिंचाई, लिफ्ट सिचाई,वोरिङ्ग,पम्पसेट,मोटर ,डेलिभरी ,पाइप सक्सन पाइप,ड्रिप तथा स्पिङ्कलर लगाएतका सिंचाई सामग्री खरिद, सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिचाई निर्माण तथा सुधार, स्यालो टुवेल जडान। | फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समिति सहभागी हुन सक्ने। फर्म कम्पनीको हकमा न्यूनतम १० कट्टा र सामुदायिकको हकमा २.५ हें. संचित क्षेत्र विस्तार गर्नुपर्ने । यस अघि अनुदान नपाएकोलाई प्राथमिकता दिने । लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने । रु. ५० हजार भन्दा कम लागतको आयोजना पेश गर्न पाईनेछैन । | जिल्ला भरी | तपसिल बमोजिम उल्लिखित रकममा नवढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग ।फर्म/कम्पनी/को हकमा प्रति आयोजना/अनुदानग्राहीअधिकतम रु.७५ हजार सम्म । कृषकसमूह/कृषि सहकारी/ जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. १ लाख ५० हजार सम्म । कार्यालयले आयोजनाहरु छनोट गर्दा समग्रमा प्रति आयोजना औषत अनुदान रकम रु.१ लाखमा नवढ्ने गरी गर्नुपर्ने छ। |
| २. | रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम | खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारीजन्य रैथाने तथा स्थानीय जातका वालीको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा वजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)। | उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने, उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने । | जिल्ला भरी | प्रति अनुदानग्राही रु. पचास हजारमा नवढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग । |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन (अनुसूचि २३ बमोजिम)।

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि २४ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको हालसालै तिरो तिरेको रसिद।

६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।

७. प्रस्ताव माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी)।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

९. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

पुनश्च:

१.प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ।

२. कार्यक्रम अन्तरगत संञ्चालन गर्न सकिने क्रियाकलापहरु, मापदण्ड, अनुदानको सिमा सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयको फोन नः- ०८१५३००२७, सूचना अधिकारीको सम्पर्क नः- ९८५८०७०२२५ मा सम्पर्क गर्न सक्नुहुने छ ।

कार्यविधि र सूचना सम्वन्धी विस्तृत विवरण कार्यालयको e:- https://akcbanke.lumbini.gov.np मा हेर्न सकिने छ ।

२०८२/०६/१५

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

CS CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

फोन नं.: ०८१५३००२७/५३०२२५
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.: १८०

मिति: २०८२/०७/१४

विषयः सूचना टास गरि सोको जानकारी उपलब्ध गराइदिने बारे ।

श्री नेपालगंज उप-महानगरपालिका, नेपालगंज, बाँके
श्री कोहलपुर नगरपालिका, कोहलपुर, बाँके
श्री खजुरा गाउँपालिका, खजुरा, बाँके
श्री राप्तिसोनारी गाउँपालिका, अगैया, बाँके
श्री वैजनाथ गाउँपालिका, रामपुर , बाँके
श्री डुडुवा गाउँपालिका, वनकट्टी, बाँके
श्री नरैनापुर गाउँपालिका, नरैनापुर, बाँके
श्री जानकी गाउँपालिका, मानपुर, -बाँके
श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई, वर्दिया र बाँके

उपर्युक्त सम्वन्धमा यस केन्द्रको आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार मिति २०८२/०७/१४ गते प्रकाशित यसै पत्रसाथ संलग्न ३० दिने सूचना तहां कार्यालयको जानकारीका लागि पठाईएको छ। सो सुचना सुचना पाटिमा टास गरिदिने साथै लक्षित वर्गसम्मलाई जानकारी गराईदिने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

२०८२/०७/१४
डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ विज्ञ (दशौं तह)

**बोधार्थः**
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
श्री कृषि विकास निर्देशनालय,
वुटवल, नेपाल ।

CamScanner